**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# राष्ट्रिय तथ्याङ्क कार्यालय

**थापाथली, काठमाडौं**

## आर्थिक वर्ष २०८१/८२ को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी प्रेस नोट

### १. परिचय

अर्थतन्त्रमा निश्चित अवधिभित्र सञ्चालन भएका सबै आर्थिक क्रियाकलापबाट उत्पादित वस्तु तथा सेवाको प्रवाह र मौज्दात लगायत सोसँग सम्बन्धित संस्थागत एकाइबीचको कारोबारको मापन गरी लेखा राख्ने प्रणालीलाई राष्ट्रिय लेखा प्रणाली भनिन्छ। यो प्रणालीको मार्गदर्शनबमोजिम अर्थतन्त्र भित्र सञ्चालित आर्थिक क्रियाकलापको तथ्याङ्कीय मापन गरी कुल गार्हस्थ्य उत्पादन, आय, उपभोग, बचत जस्ता आर्थिक परिसूचक तयार गर्ने कार्य राष्ट्रिय लेखा अनुमान अन्तर्गत पर्दछ। राष्ट्रिय लेखा अनुमान गर्न संयुक्त राष्ट्रसंघ, युरोपियन यूनियन, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, आर्थिक विकास तथा सहयोगका लागि संगठन जस्ता अन्तर्राष्ट्रिय संस्थाद्वारा संयुक्त रूपमा विकास गरेको राष्ट्रिय लेखा प्रणाली (System of National Accounts, 2008) ले मार्गदर्शन प्रदान गर्दछ। यही मार्गदर्शनबमोजिम राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय लेखा तथ्याङ्क अनुमान गरी प्रकाशन गर्दै आएको छ।


नेपालमा पहिलो पटक आर्थिक वर्ष २०१८/१९ मा राष्ट्रिय लेखा अनुमान तयार गरिएको भए तापनि नियमित रूपमा यस्ता अनुमान प्रकाशन गर्ने कार्य आर्थिक वर्ष २०२१/२२ देखि भएको देखिन्छ। यसै क्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को राष्ट्रिय लेखाका प्रारम्भिक अनुमानका साथै अघिल्ला दुई वर्षको राष्ट्रिय लेखा अनुमानको परिमार्जन गर्ने अभ्यासबमोजिम आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र २०७९/८० को अन्तिम मान प्रकाशन गरेको छ। चालु आर्थिक वर्षको राष्ट्रिय लेखाका प्रारम्भिक अनुमान तयार गर्दा उपलब्ध तथ्याङ्कको आधारमा छ देखि नौ महिनासम्मका उपलब्ध आँकडा प्रयोग गरिएको छ भने बाँकी अवधिको अनुमानका लागि तथ्याङ्कीय विधि प्रयोग गरिएको छ।

## २. अर्थतन्त्रको आकार र आर्थिक वृद्धिदर

कुल गार्हस्थ्य उत्पादन (Gross Domestic Product – GDP) का अनुमान आधारभूत मूल्य (Basic Price) र उपभोक्ताको मूल्य (Purchaser's Price) मा प्रस्तुत गरिएको छ। अर्थतन्त्रको आकार मापन गर्न उपभोक्ताको मूल्यमा मापन गरिएको प्रचलित मूल्यको GDP प्रयोग गरिएको छ। जसअनुसार चालु आर्थिक वर्ष २०८१/८२ मा नेपालको अर्थतन्त्रको आकार ६१ खर्ब ७ अर्ब पुग्ने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा अर्थतन्त्रको आकार ५७ खर्ब ९ अर्ब रहेको संशोधित अनुमान तथा आर्थिक वर्ष २०७९/८० मा अर्थतन्त्रको आकार ५३ खर्ब ६७ अर्ब रहेको विवरण सार्वजनिक गरिएको छ।


हाल प्रकाशित राष्ट्रिय लेखाका स्थिर मूल्यका अनुमान आर्थिक वर्ष २०६७/६८ को मूल्य (Base Year Price) मा आधारित छन् । त्यसैगरी, आर्थिक वृद्धिदर मापन गर्नको लागि स्थिर मूल्यमा मापन गरिएको कुल गार्हस्थ्य उत्पादन प्रयोग गरिएको छ। जसअनुसार, चालु आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धिदर आधारभूत मूल्य (Basic Price) मा ३.९९ प्रतिशत र उपभोक्ताको मूल्य (Purchasers' Price) मा ४.६१ प्रतिशत हुने प्रारम्भिक अनुमान रहेको छ। आधारभूत मूल्यको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०८०/८१ मा ३.३६ प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७९/८० मा २.२९ प्रतिशत कायम भएको विवरण सार्वजनिक गरिएको छ। त्यसैगरी, उपभोक्ताको मूल्यमा आर्थिक वृद्धिदर आर्थिक वर्ष २०८०/८१ मा ३.६७ प्रतिशत हुने संशोधित अनुमान र आर्थिक वर्ष २०७९/८० मा १.९८ प्रतिशत कायम भएको छ (चित्र १ (क) र १ (ख))।

चित्र १(क): कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (आधारभूत मूल्यमा)




*नोटः प-परिमार्जित, प्रा-प्रारम्भिक*

चित्र १(ख): कुल गार्हस्थ्य उत्पादनको वार्षिक वृद्धिदर (उपभोक्ताको मूल्यमा)




*नोटः प-परिमार्जित, प्रा-प्रारम्भिक*


## ३. बृहत् औद्योगिक समूहअनुसारको वृद्धिदर तथा कुल गार्हस्थ्य उत्पादनमा पुऱ्याएको योगदान

चित्र २ मा समग्र औद्योगिक क्षेत्रका बृहत् दुई समूह; कृषि तथा गैरकृषि क्षेत्रको वृद्धिदर प्रस्तुत गरिएको छ। चालु आर्थिक वर्ष २०८१/८२ मा कृषि क्षेत्रको ३.२८ प्रतिशत र गैरकृषि क्षेत्रको ४.२८ प्रतिशत वृद्धिदर हुने प्रारम्भिक अनुमान रहेको छ। आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्रको वृद्धिदर ३.३५ प्रतिशत तथा गैरकृषि क्षेत्रको वृद्धिदर ३.३६ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०७९/८० मा कृषि क्षेत्रको वृद्धिदर ३.०२ प्रतिशत तथा गैरकृषि क्षेत्रको वृद्धिदर १.९८ प्रतिशत कायम भएको छ।

समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary Sector), द्वितीय क्षेत्र (Secondary Sector) र सेवा क्षेत्र (Tertiary Sector) गरी प्रमुख तीन समूहमा विभाजन गरेर समेत अध्ययन गर्ने गरिन्छ। यी तीन बृहत् औद्योगिक क्षेत्रको वृद्धिदर चित्र ३ मा प्रस्तुत गरिएको छ। चालु आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.२५ प्रतिशत, ४.६५ प्रतिशत र ४.२१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। संशोधित विवरण अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः ३.३५ प्रतिशत, ऋणात्मक ०.०३ प्रतिशत र ४.३५ प्रतिशत रहको छ। आर्थिक वर्ष २०७९/८० मा प्राथमिक,


द्वितीय तथा सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.९७ प्रतिशत, १.३१ प्रतिशत र २.१९ प्रतिशत कायम भएको छ।

चित्र २ कृषि तथा गैरकृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिदर




*नोटः प-परिमार्जित, प्रा-प्रारम्भिक*


चित्र ३ प्राथमिक, द्वितीय, तथा सेवा क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर




*नोटः प-परिमार्जित, प्रा-प्रारम्भिक*

चित्र ४ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले पुऱ्याएको योगदान प्रस्तुत गरिएको छ। जसअनुसार चालु आर्थिक वर्ष २०८१/८२ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा क्रमशः २५.६ प्रतिशत, १२.४ प्रतिशत र ६२.० प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ। आर्थिक वर्ष २०८०/८१ मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा क्रमशः २५.२ प्रतिशत, १२.४ प्रतिशत र ६२.४ प्रतिशत योगदान पुऱ्याउने संशोधित अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०७९/८० मा प्राथमिक, द्वितीय तथा सेवा क्षेत्रले क्रमशः २४.५ प्रतिशत, १३.० प्रतिशत र ६२.५ प्रतिशत योगदान पुऱ्याएको तथ्याङ्क सार्वजनिक गरिएको छ।

चित्र ४ : बृहत् आर्थिक क्षेत्र अनुसार कुल गार्हस्थ्य उत्पादनमा योगदान





*नोटः प-परिमार्जित, प्रा-प्रारम्भिक*

## ४. औद्योगिक वर्गीकरणअनुसार कुल मूल्य अभिवृद्धि वृद्धिदर तथा कुल गार्हस्थ्य उत्पादनमा योगदान

सम्पूर्ण आर्थिक क्रियाकलापको अन्तर्राष्ट्रिय औद्योगिक वर्गीकरण चौथो संस्करण अनुसार वस्तु तथा सेवा उत्पादनका क्रियाकलापलाई २१ वटा मुख्य क्रियाकलापमा वर्गीकरण गरिएको छ। नेपालको सन्दर्भमा २१ वटा औद्योगिक क्रियाकलापमध्ये बाह्य संघसंस्था एवं यसका अङ्गका क्रियाकलापलाई छोडेर पछिल्ला तीनवटा आर्थिक क्रियाकलाप (कला, मनोरञ्जन तथा मनोविनोद; अन्य सेवा प्रदान गर्ने क्रियाकलाप; र रोजगारदाताका रूपमा घरपरिवारका घरायसी क्रियाकलाप, आफ्ना प्रयोगका लागि छुट्याउन नसकिने विभिन्न वस्तु तथा सेवा उत्पादन गर्ने क्रियाकलाप) लाई अन्य सेवाका

क्रियाकलापमा समावेश गरी जम्मा १८ किसिमका आर्थिक क्रियाकलापमा वर्गिकरण गरी राष्ट्रिय लेखाका अनुमान प्रकाशन गरिएको छ। चित्र ५ मा आर्थिक वर्ष २०८१/८२ मा औद्योगिक वर्गीकरण अनुसारको कुल मूल्य अभिवृद्धि वृद्धिदर तथा ती औद्योगिक समूहले कुल गार्हस्थ्य उत्पादनमा पुऱ्याएको योगदान प्रस्तुत गरिएको छ।

चित्र नं. ५: औद्योगिक वर्गिकरणअनुसारको वृद्धिदर तथा GDP मा योगदान, आर्थिक वर्ष २०८१/८२




*नोटः प-परिमार्जित, प्रा-प्रारम्भिक*

चालु आर्थिक वर्ष २०८१/८२ मा कुल मूल्य अभिवृद्धिको सबैभन्दा धेरै वृद्धिदर विद्युत तथा ग्याँस (१३.८२%) क्षेत्रको हुने प्रारम्भिक अनुमान रहेको छ। यस क्षेत्रलाई यातायात तथा भण्डार (९.४५%) क्षेत्रले पछ्याएर दोस्रो धेरै वृद्धि गर्ने क्षेत्रको रूपमा रहेको छ। अर्कोतर्फ, शिक्षा (१.९८%) र खानी तथा उत्खनन् (१.९९%) क्षेत्रको वृद्धि तुलनात्मक रूपमा सबैभन्दा कम रहने

अनुमान गरिएको छ। त्यसैगरी, कुल गार्हस्थ्य उत्पादनमा यस वर्ष कृषि, वन तथा मत्स्य क्षेत्र (२५.१६%) र व्यापार क्षेत्र (१४.५५%) ले तुलनात्मक रूपमा धेरै योगदान गर्ने अनुमान गरिएको छ। अर्कोतर्फ, पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन (०.४२%) र खानी तथा उत्खनन् (०.४६%); तुलनात्मक रूपमा सबैभन्दा थोरै योगदान गर्ने क्रियाकलाप रहेका छन्।

### ४.१ कृषि, वन तथा मत्स्य

चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्य क्षेत्रले २५.१६ प्रतिशत योगदान पुऱ्याएको प्रारम्भिक अनुमान गरिएको छ। चालु आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि (Gross Value Added - GVA) वार्षिक वृद्धिदर ३.२८ प्रतिशत रहने प्रारम्भिक अनुमान गरिएको छ। चालु आर्थिक वर्षमा गत आर्थिक वर्षको तुलनामा धान, तेलहन, दलहन र तरकारी बाली तथा पशुपन्छीजन्य उत्पादन (दुध, अण्डा, माछा तथा मासु) हरुको उत्पादनमा वृद्धि हुने अनुमान रहेका कारण यस क्षेत्रको वृद्धि हुने अनुमान गरिएको छ। तर फलफुल तथा अन्य केही हिउँदे बालीको उत्पादनमा नगण्य मात्राको वृद्धि हुने अनुमानका कारणले कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमा उल्लेख्य वृद्धि हुन नसक्ने अनुमान रहेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ३.३५ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। त्यसैगरी आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ३.०२ प्रतिशत कायम भएको छ।

### ४.२ खानी तथा उत्खनन्

चालु आर्थिक वर्षमा यस क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा ०.४६ प्रतिशत योगदान पुऱ्याउने प्रारम्भिक अनुमान गरिएको छ। चालु आर्थिक वर्षमा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि अघिल्लो आर्थिक वर्षको तुलनामा १.९९ प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ। निर्माण क्षेत्रमा धनात्मक वृद्धि र खानी तथा उत्खनन् क्षेत्रको रोयल्टी संकलनमा गत आर्थिक वर्षको तुलनामा सामान्य सुधार भएकोले यस क्षेत्रको मूल्य अभिवृद्धिमा पनि सामान्य सुधार हुने अनुमान रहेको छ। त्यसैगरी, गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ३.२३ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ भने आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ०.९१ प्रतिशत कायम भएको छ।

### ४.३ उद्योग

चालु आर्थिक वर्ष २०८१/८२ मा उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ४.९८ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ३.७८ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। संशोधित तथ्याङ्क अनुसार गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ऋणात्मक (-२.०२ प्रतिशत) रहने अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्ष यस क्षेत्रको ऋणात्मक वृद्धि (-१.७० प्रतिशत) कायम भएको छ। यस क्षेत्रमा अघिल्लो दुई आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा ऋणात्मक वृद्धिदर देखिए तापनि चालु आर्थिक वर्षमा भने सुधारको संकेत देखिएको छ। खासगरी वनस्पति तेल, प्लाईउड, प्लाष्टिकको पाईप फिटिङ्ग, पेय पदार्थ, सिमेण्ट, सावुन, लगायतका वस्तुको उत्पादनमा भएको उल्लेख्य वृद्धिले यस क्षेत्रमा सुधार आउने प्रारम्भिक अनुमान गरिएको छ। साथै, भट्टमासको कच्चा तेल, जस्तापाता तथा फलामे रडको कच्चा पदार्थ, कोईला लगायत कच्चा पदार्थको आयतमा भएको वृद्धि र उत्पादित वस्तुको मागमा भएको वृद्धिका कारणले पनि उद्योग क्षेत्रको उत्पादन वृद्धिमा सकारात्मक प्रभाव पारेको देखिन्छ।

### ४.४ विद्युत तथा ग्याँस

चालु आर्थिक वर्ष २०८१/८२ मा विद्युत तथा ग्याँस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा १.७३ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर १३.८२ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। यस क्षेत्रमा पछिल्ला वर्षहरूमा जलविद्युत उत्पादनको क्षमता वृद्धिका साथै उपभोगमा विस्तार भएका कारण यस क्षेत्रको वृद्धि उल्लेख्य रहन गएको देखिन्छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको कुल मूल्य अभिवृद्धि वृद्धिदर १०.९६ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। त्यसैगरी, आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार यस क्षेत्रको वृद्धिदर १९.७६ प्रतिशत कायम भएको छ।

### ४.५ पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप

चालु आर्थिक वर्ष २०८१/८२ मा पानी आपूर्ति, ढल, फोहोर व्यवस्थापन तथा पुनःउत्पादनका क्रियाकलाप क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ०.४२ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर २.०९ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। सेवा माग र आपुर्तिमा भइरहेको

क्रमिक वृद्धिसँगै यस क्षेत्रको कुल मुल्य अभिवृद्धि पनि सामान्य रूपमा बढेको अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर १.२७ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार यस क्षेत्रको वृद्धिदर ३.२२ प्रतिशत कायम भएको छ।

### ४.६ निर्माण

चालु आर्थिक वर्ष २०८१/८२ मा निर्माण क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ५.२४ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर २.२१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। विगत दुई वर्षदेखि ऋणात्मक वृद्धिदर देखिएको यस क्षेत्र चालु आर्थिक वर्षमा निर्माण सामग्रीको आयात र निर्माणजन्य औद्योगिक वस्तुहरुको उत्पादनमा भएको वृद्धिले सुधारोन्मुख भएको देखिन्छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ऋणात्मक (-२.२०%) रहने संशोधित अनुमान गरिएको छ। त्यसैगरी आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार यस क्षेत्रको वृद्धिदर ऋणात्मक (-१.४८%) कायम भएको छ।

### ४.७ थोक तथा खुद्रा व्यापार, गाडी तथा मोटरसाइकल मर्मत सेवा

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा १४.५५ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ३.३० प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्षको तुलनामा व्यापारजन्य वस्तुहरुको आयातमा भएको वृद्धि साथै कृषि तथा व्यापारजन्य वस्तुहरूको आन्तरिक उत्पादनमा आएको वृद्धिले यस क्षेत्रको मूल्य अभिवृद्धिमा सुधार हुने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ऋणात्मक (-०.३६ प्रतिशत) रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ऋणात्मक (-४.१० प्रतिशत) कायम भएको छ।

### ४.८ यातायात तथा भण्डारण

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ७.२० प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ९.४५ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्षको तुलनामा सवारी साधनको आयात तथा पर्यटकको आवागमनमा भएको वृद्धिले यस क्षेत्रको मूल्य अभिवृद्धि वृद्धि हुने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस

क्षेत्रको वृद्धिदर १३.४३ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर १.४५ प्रतिशत कायम भएको छ।

### ४.९ आवास तथा भोजन सेवा

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २.४६ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर पाँच प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। विदेशी तथा आन्तरिक पर्यटकहरुको आवागमनमा भएको वृद्धिले चालु आर्थिक वर्षमा यस क्षेत्रको मूल्य अभिवृद्धिमा सकारात्मक प्रभाव हुने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर २१.०३ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर १८.०३ प्रतिशत कायम भएको छ।

### ४.१० सूचना तथा सञ्चार

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा १.९४ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ४.८१ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। चालु आर्थिक वर्षमा कम्प्यूटर प्रोग्रामिङ् तथा इन्फर्मेशन सर्भिससम्बन्धी क्रियाकलापमा भएको वृद्धि, इन्टरनेट सेवा प्रदायकको कारोवार तथा ताररहित सञ्चार सेवामा भएको वृद्धिको कारणले यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा वृद्धि हुने प्रारम्भिक अनुमान रहेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ४.९१ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ४.१५ प्रतिशत कायम भएको छ।

### ४.११ वित्तीय तथा बीमा क्षेत्र

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ६.६५ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ६.२९ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। बैंकमा निक्षेप तथा ऋण प्रवाहमा भएको वृद्धिसँगै यस क्षेत्रको कुल मूल्य अभिवृद्धिमा बढोत्तरी हुने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ७.९४ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ७.९२ प्रतिशत कायम भएको छ।

## ४.१२ घरजग्गा कारोवारको सेवा

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ८.२९ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर २.७२ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। घर जग्गाको कारोबारमा भएको सामान्य वृद्धि र निजी आवास तथा भाडाका क्रियाकलापमा भएको बढोत्तरीले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि अघिल्लो वर्षको तुलनामा सामान्य रूपमा बढ्ने प्रारम्भिक अनुमान गरिएको हो। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर २.४३ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर २.९१ प्रतिशत कायम भएको छ।

## ४.१३ पेशागत वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ०.९७ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ३.९८ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। पछिल्लो समयमा विभिन्न प्राविधिक कार्यका लागि पेशागत संस्थासँग सेवा लिने प्रवृत्तिमा भएको बढोत्तरीले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि अघिल्लो वर्षको तुलनामा सामान्य बढ्ने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ४.१५ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ३.९३ प्रतिशत कायम भएको छ।

## ४.१४ प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ०.७२ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ३.९७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। पछिल्लो समयमा विभिन्न प्रशासनिक सेवाका लागि सम्बिन्धित संस्थाहरूसँग सेवा लिने प्रवृत्तिमा भएको वृद्धि, रोजगारी सेवा तथा पर्यटन आगमनमा भएको वृद्धिले यस क्षेत्रको कुल मूल्य अभिवृद्धि अघिल्लो वर्षको तुलनामा बढ्ने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ४.०४ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ५.०३ प्रतिशत कायम भएको छ।

### ४.१५ सार्वजनिक प्रशासन तथा रक्षा

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ८.७२ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर २.२४ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। तीन वटै तहका सरकारको सार्वजनिक प्रशासन तथा रक्षा अन्तर्गत गरेको खर्चमा भएको वृद्धिले यस क्षेत्रको मूल्य अभिवृद्धि वृद्धिदर बढ्ने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ४.२७ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ५.४६ प्रतिशत कायम भएको छ।

### ४.१६ शिक्षा

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ७.८७ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर १.९८ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। गत वर्षको तुलनामा चालु आर्थिक वर्षमा निजि शैक्षिक संस्थाका विद्यार्थी सङ्ख्यामा सामान्य कमी आएको भए तापनि सरकारी शैक्षिक संस्थाका विद्यार्थीको सङ्ख्यामा भएको बढोत्तरीसँगै यस क्षेत्रमा सरकारी खर्च बढेका कारण मूल्य अभिवृद्धिमा सामान्य वृद्धि हुने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर २.१५ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ३.९३ प्रतिशत कायम भएको छ।

### ४.१७ स्वास्थ्य तथा सामाजिक कार्य

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा १.९१ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ४.७७ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा स्वास्थ्य सेवा लिनेहरूको सङ्ख्यामा भएको बढोत्तरीका कारणले यस क्षेत्रको मूल्य अभिवृद्धिमा वृद्धि हुने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ५.३१ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ६.५७ प्रतिशत कायम भएको छ।

### ४.१८ अन्य सेवाका क्रियाकलाप

चालु आर्थिक वर्ष २०८१/८२ मा यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा ०.७१ प्रतिशत योगदान रहने र कुल मूल्य अभिवृद्धि वृद्धिदर ३.९२ प्रतिशत हुने प्रारम्भिक अनुमान गरिएको छ। तीन वटै तहका सरकारले सामुदायिक तथा सामाजिक क्षेत्रमा गरेको खर्चमा भएको वृद्धि तथा निजी क्षेत्रबाट सञ्चालित मनोरञ्जनात्मक तथा अन्य सेवामा भएको वृद्धिले यस क्षेत्रको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा यस क्षेत्रको वृद्धिदर ४.२७ प्रतिशत रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा यस क्षेत्रको वृद्धिदर ५.६४ प्रतिशत कायम भएको छ।

## ५. अन्य केही प्रमुख आर्थिक सूचकको अवस्था (प्रचलित मूल्यमा)

- **कुल उत्पादन (Gross output):** चालु आर्थिक वर्ष २०८१/८२ मा आधारभूत मूल्यको कुल उत्पादन रु. ९२ खर्ब ४६ अर्ब ५५ करोड हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा कुल उत्पादन रू. ८७ खर्ब ८० अर्ब ७७ करोड रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्कअनुसार उक्त वर्षमा कुल उत्पादन रू. ८२ खर्ब १४ अर्ब ५० करोड कायम गरिएको छ।
- **मध्यवर्ती उपभोग (Intermediate consumption):** चालु आर्थिक वर्ष २०८१/८२ मा उपभोक्ताको मूल्यको मध्यवर्ती उपभोग रु.३८ खर्ब ६६ अर्ब ९६ करोड हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा मध्यवर्ती उपभोग रू. ३७ खर्ब २७ अर्ब ३६ करोड रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्कअनुसार उक्त वर्षमा मध्यवर्ती उपभोग रू. ३४ खर्ब ५७ अर्ब ११ करोड कायम गरिएको छ।
- **कुल स्थिर पुँजी निर्माण (Gross fixed capital formation):** चालु आर्थिक वर्ष २०८१/८२ मा GDP को २४.०७ प्रतिशत कुल स्थिर पुँजी निर्माण हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा GDP को २४.३३ प्रतिशत कुल स्थिर पुँजी निर्माण हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्कअनुसार उक्त वर्षमा GDP को २४.५९ प्रतिशत कुल स्थिर पुँजी निर्माण भएको छ।

- **अन्तिम उपभोग खर्च (Final consumption expenditure):** चालु आर्थिक वर्ष २०८१/८२ मा GDP को ९३.४५ प्रतिशत अन्तिम उपभोग खर्च हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा GDP को ९३.७८ प्रतिशत अन्तिम उपभोग खर्च हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा GDP को ९२.७८ प्रतिशत अन्तिम उपभोग खर्च भएको छ।
- **वस्तु तथा सेवा निर्यात (Export):** चालु आर्थिक वर्ष २०८१/८२ मा GDP को ८.७४ प्रतिशत निर्यात हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा GDP को ७.६२ प्रतिशत निर्यात हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को अन्तिम तथ्याङ्क अनुसार उक्त वर्षमा GDP को ७.०१ प्रतिशत निर्यात भएको छ।
- **वस्तु तथा सेवा आयात (Import):** चालु आर्थिक वर्ष २०८१/८२ मा GDP को ३३.२३ प्रतिशत आयात हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा GDP को ३२.९१ प्रतिशत आयात हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा GDP को ३४.५६ प्रतिशत आयात भएको छ।
- **कुल राष्ट्रिय बचत (Gross national saving):** चालु आर्थिक वर्ष २०८१/८२ मा GDP को ३६.२४ प्रतिशत कुल राष्ट्रिय बचत हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा GDP को ३५.३९ प्रतिशत कुल राष्ट्रिय बचत हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा GDP को ३३.९१ प्रतिशत कुल राष्ट्रिय बचत भएको छ।
- **वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण (Worker's Remittance):** चालु आर्थिक वर्ष २०८१/८२ मा GDP को २५.८९ प्रतिशत विप्रेषण प्राप्त हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा GDP को २५.३२ प्रतिशत विप्रेषण प्राप्त संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा GDP को २३.१२ प्रतिशत विप्रेषण प्राप्त भएको छ।
- **प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (Percapita GDP):** चालु आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,४९६ यू.यस. डलर हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,४४३ यू.यस. डलर

हुने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १,३९३ यू.यस. डलर कायम भएको छ।

- **प्रतिव्यक्ति कुल राष्ट्रिय आय (Percapita GNI):** चालु आर्थिक वर्ष २०८१/८२ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,५१७ यू.यस. डलर हुने प्रारम्भिक अनुमान गरिएको छ। गत आर्थिक वर्ष २०८०/८१ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,४६७ यू.यस. डलर रहने संशोधित अनुमान गरिएको छ। आर्थिक वर्ष २०७९/८० को तथ्याङ्क अनुसार उक्त वर्षमा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,४१० यू.यस. डलर कायम भएको छ।

ढुण्डीराज लामिछाने
प्रवक्ता
उप प्रमुख तथ्याङ्क अधिकारी
राष्ट्रिय तथ्याङ्क कार्यालय
फोनः ०१- ५३५२४७९

२०८२ वैशाख १७ गते

**थप जानकारीका लागिः**

निर्देशक दिनेश भट्टराई
फोनः ९८४१५००७५८
निर्देशक ऋषि राम सिग्देल
फोनः ९८४६२२६१८०

***नोटः*** *राष्ट्रिय लेखा अनुमानसम्बन्धी तथ्याङ्कीय तालिकाका सफ्टकपी, प्रेस नोट तथा प्रस्तुति राष्ट्रिय तथ्याङ्क कार्यालयको वेबसाइटः https://nsonepal.gov.np/list/resource/८६५?parent=1574 मा उपलब्ध छ।*